अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** २२/०७८/०७९ **मितिः**२०७९/०३/१५

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

आज मिति २०७९ साल आषाढ १५ गते अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिम सर्वसम्मत निर्णयहरु गरियो ।

(१) अर्जुनधारा नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा प्रस्तुत गर्नका लागि निम्न बमोजिम प्रस्तावहरु स्वीकृत गरियो ।

१. नेपालको संविधान २०७२ को धारा २१७ को उपधारा (२) बमोजिम गठन हुने अर्जुनधारा नगरपालिकाको न्यायिक समितिको सदस्य पदमा देहाय बमोजिम पदाधिकारीहरु मनोननय गर्न प्रस्ताव गर्नेः

क. नगर सभा सदस्य श्री टुम्मनाथ काफ्ले, अर्जुनधारा ६

ख. नगर सभा सदस्य श्री शर्मिला सुब्बा, अर्जुनधारा-२

२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३ को उपदफा (२) बमोजिम न्यायिक समितिले आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन नगर सभाको बैठकमा पेश गर्ने ।

३. गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा ३६ बमोजिम सभाद्वारा गठन हुने विषयगत समितिमा निम्न बमोजिमका पदाधिकारीहरु रहने गरी समिति गठनको प्रस्ताव पेश गर्नेः

| समिति | सदस्यहरु | समिति | सदस्यहरु |
|---|---|---|---|
| अर्थ तथा सार्वजनिक लेखा समिति | श्री तुलसा महतरा | सुशासन तथा स्थानीय सेवा समिति | श्री सिता परियार |
| | श्री अमृत बुढाथोकी | | श्री हरिबहादुर कटुवाल |
| | श्री खड्गमाया पौडेली | | श्री मनोजकुमार रैका थापा मगर |
| | श्री विष्णुप्रसाद कँडेल | | श्री केशव थापा |
| विधायन समिति | श्री समन्ता राई | कृषि पर्यटन पूर्वाधार तथा प्राकृतिक श्रोत समिति | श्री नारायण चापागाईं |
| | श्री सरु बुढाथोकी | | श्री सुशिला गिरी |
| | श्री प्रेम उपरकोटी | | श्री कोपिला थापा |
| | श्री बुद्धिमान लिम्बु | | श्री डम्बरप्रसार धौराली |
| सामाजिक समिति | श्री पार्वता न्यौपाने | | |
| | श्री सुजता रसाइली | | |
| | श्री केशव अधिकारी | | |
| | श्री मदन लिमेल | | |

४. अर्जुनधारा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन २०७७ संशोधन विधेयक स्वीकृत गरी नगर सभाको बैठकमा पेश गर्ने ।

५. यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तयारी गर्दा कार्यालयमा आर्थिक वर्षको अन्त्यमा हुने अ.ल्या. रकमबारे तत्काल अनुमान नगरिकएकोमा सो बजेट र नेपाल सरकार, प्रदेश सरकारबाट समेत विभिन्न श्रोत थप भई आएमा सो श्रोतबाट नगर सभाबाट पारित वार्षिक नीतिको मर्ममा फरक नपर्ने गरी

कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्न कार्यपालिकालाई अख्तियार प्रत्यायोजनका लागि नगर सभाको चालु अधिवेशनमा प्रस्ताव पेश गर्ने ।

(२) १. प्रत्येक वर्ष आषाढ १ गतेबाट भाद्र मसान्तसम्म नदीहरुबाट नदिजन्य पदार्थहरुको उत्खनन तथा संकलनका लागि निषेध हुने गरेकोमा अर्जुनधारा नगरपालिकाका नदीहरुबाट समेत अनाधिकृत ढंगले नदीजन्य पदार्थको उत्खनन तथा संकलन निषेध गरिएको सम्बन्धमा र निषेधित समयमा त्यस्ता सामाग्री ओसारपसार गरिरहेको अवस्थामा पक्राउ परेमा हुने जरिवानाका सम्बन्धमा व्यापक प्रचार प्रसार गर्ने निर्णय गरियो ।साथै, निषेधित अवस्थामा नदीजन्य पदार्थको ओसारपसार गर्ने सवारी साधन पक्राउ गर्दा लाग्ने जरिवानाको ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप सम्बन्धित सुरक्षा निकायलाई उपलब्ध गराउने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रयोजनका लागि कार्यालयको आवश्यकता एवं माग धान्ने गरी उपयुक्त क्षमताको १ थान जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सञ्चालन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि मिति २०७९ आषाढ २० गतेसम्म भुक्तानीका लागि आवश्यक पर्ने कागजातहरु कार्यालयमा पेश गर्न सार्वजनिक सूचना गर्ने निर्णय गरियो ।

(५) अर्जुनधारा नगरपालिकाका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत वडा सचिवहरुका लागि कार्यालयको तर्फबाट आधिकारिक सिम कार्ड उपलब्ध गराउने र आगामि आर्थिक वर्ष २०७९/०८० बाट मासिक सञ्चार खर्च बापत रु ५००/- पाँच सय मात्र उपलब्ध गराउने निर्णय गरियो ।साथै, वडा कार्यालयबाट कार्यालय समय अघि पछि गरिने स्थलगत सर्जमिन गर्न जाँदा सोका लागि खटिने कर्मचारीलाई प्रति सर्जमिन रु ३०० का दरले खानाखाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

(६) अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन २०७९ को दफा २ ले दिएको अधिकार बमोजिम चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नगरपालिकाको प्रशासनिक खर्च तर्फका कार्यक्रमहरु कार्यालयबाट प्राप्त प्रस्ताव बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

(७) कार्यालयमा प्राप्त निवेदन बमोजिम देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।साथै, अर्जुनधारा -६ मा रहेको अपांग बालशिक्षा सरोकार केन्द्रमा आश्रित बालबालिकाहरुलाई मासिक रु ५ हजार बराबरको पोषिलो खानेकुरा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | कञ्चन घिमिरे अर्जुनधारा-५ लाई आगलागीबाट क्षति भएकोमा राहत स्वरुप | २० हजार |
| २ | रोसन ढुङ्गेल अर्जुनधारा-१ औषधोपचार सहयोग | १० हजार |
| ३ | दलबहादुर मगर (खोलाले बगाएर मृत्यु भएको) को परिवारलाई काजकिरिया खर्च | २५ हजार |

| | | |
|---|---|---|
| | बापत | |
| ४ | तिलकबहादुर थेबे अर्जुनधारा-१० औषधोपचार सहयोग | १० हजार |
| ५ | वडा नं ७ को ज्योति बस्ती र गोसखानमा ट्युबवेल जडान | ४५ हजार |

८. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ को दफा ४२ बमोजिम अर्जुनधारा नगरपालिकामा गठन हुने स्थानीय समन्वय समितिको सदस्यमा नगर सभा सदस्य श्री खड्गमाया पौडेलीलाई मनोनयन गर्ने निर्णय गरियो ।

९. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (LSTB/SSTB) अन्तर्गत अर्जुनधारा नगरपालिका र सहारा नेपालको लागत साझेदारीमा अर्जुनधारा नगरपालिका सञ्चालन भईरहेका झोलुङ्गे पुल निर्माण सम्बन्धि आयोजनाहरुको म्याद २०७९/०८० सम्मका लागि थप गर्ने निर्णय गरियो ।

१०. १ नं प्रदेश सरकारबाट बाल विवाह अन्त्यका लागि सामुदायिक विद्यालय मार्फत किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न रु ५५ हजार बजेट व्यवस्था भई कार्यक्रम कार्यान्वयन गर्न लेखी आएकोमा किशोरी सशक्तिरण कार्यक्रम (सञ्चालन ) निर्देशिका २०७९ को दफा ५ को उपदफा (२) बमोजिम महारानीगञ्ज माध्यमिक विद्यालय अर्जुनधारा-११ मा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

११. गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ को उपदफा (३) बमोजिम नगर कार्यपालिकाको कार्यालय अन्तर्गत नगर प्रमुखज्यूको सचिवालयमा कामकाज गर्दै आउनु भएका श्री गजेन्द्र खनाललाई प्रमुखज्यूको निजि सचिवको पदमा सहायक स्तर पाचौं तहको आधारभुत पारिश्रमिक प्राप्त गर्ने गरी निजको सेवा निरन्तरता गर्ने निर्णय गरियो ।

१२. श्री भारतीय राजदुतावास,काठमाडौंबाट यस नगरपालिकाका लागि २०७७ बैसाखमा अनुदानमा प्राप्त भएको एम्बुलेन्स यसै नगरपालिकाको प्रत्यक्ष नियमनमा अन्तर्गतका स्वास्थ्य संस्थाबाट सञ्चालन गर्नका लागि एम्बुलेन्स दर्ताको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१३. श्री भूमिसुधार तथा मालपोत कार्यालय झापाबाट उक्त कार्यालयमा रहेको यस नगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्याङ्कनका सम्बन्धमा सुझाव माग भई आएकोमा आगामी आर्थिक वर्ष २०७९/०८० का लागि हाल कायम रहेको मूल्याङ्कनमा १० प्रतिशतले वृद्धि गरी न्यूनतम मूल्याङ्कन अद्यावधिक गर्न सुझाव लेखी पठाउने निर्णय गरियो ।